# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४५।१।१३ को निर्णयानुसार राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई विशिष्ट श्रेणीको पदमा थप गरिएको ३ वर्षको अवधि पूरा भएकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७.क १ को उपनियम (१) र ७.क २ को उपनियम (१) बमोजिम मिति २०४५।१।१७ देखि सरकारी नोकरीबाट अवकाश दिएको छ।

१. श्री जितेन्द्रलाल मास्के, सचिव, मन्त्रिपरिषद् सचिवालय।
२. श्री भुवनमान सिंह, सचिव, लोक सेवा आयोग।
३. श्री शङ्करकृष्ण मल्ल, सह-सदस्य-सचिव, राष्ट्रिय योजना आयोग।
४. श्री दिव्यदेव भट्ट, विशिष्ट श्रेणी, अतिरिक्त समूह, सामान्य प्रशासन मन्त्रालय।

### सूचना २

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय जापानमा आयोजना हुने ए.पी.ओ. को गर्भनिङ बडीको बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रविदेव शर्मालाई मिति २०४५।३।५ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री माधवलाल तवदार नापी-सम्बन्धी कार्यको अवलोकन भ्रमणमा संयुक्त राज्य अमेरिका जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री किरेन्द्रसिंह के.सी. लाई मिति २०४५।३।१२ देखि कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।